## बैठक संख्या : १६६

आज मिति २०८१।०९।२८ गते आइतबार विहान ११:०० बजे यस गजुरी गाउँपालिकाका अध्यक्ष श्री गणेशलाल श्रेष्ठज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको कार्यालय, गजुरीमा सम्पन्न गाउँकार्यपालिकाको बैठकमा देहायका विषयमा छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गणेशलाल श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री शर्मिला विसुराल | उपाध्यक्ष | |
| ३ | श्री तारानाथ भण्डारी | १ नं. वडाध्यक्ष | |
| ४ | श्री द्रोण कंडेल | २ नं. वडाध्यक्ष | |
| ५ | श्री ऋषिलाल श्रेष्ठ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री सुरेन्द्र प्रजा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री गोविन्द लामिछाने | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री भक्त वहादुर तामाङ | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री वद्रि प्रसाद जम्मकट्टेल | ७ नं. वडाध्यक्ष | |
| १० | श्री देवराज ओझा | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री आयुष प्रजा | कार्यपालिका सदस्य | |
| १२ | श्री सनक वहादुर प्रजा | कार्यपालिका सदस्य | |
| १३ | श्री मैयाँ डल्लाकोटी | कार्यपालिका सदस्य | |
| १४ | श्री गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री नाग लामा | कार्यपालिका सदस्य | |
| १६ | श्री फुलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १७ | श्री होम बहादुर राउत | प्रमुख प्रशासकीय अधिकृत | |
| १८, | श्री पुजन प्र. अधिकारी | वरिष्ठ शाखा अधिकृत | |

एजेण्डा र निर्णयहरु:

(मिति : २०८१/०९/२८)

**प्रस्ताव :**

१. पूर्वकर्मचारीको कामकाजमा खटिएकै कार्यालयमा पदस्थापन सहमति सम्बन्धमा ।

२. गजुरी गाउँपालिका प्रशासकीय भवन निर्माणकार्यको म्याद थप गर्ने सम्बन्धमा ।

३. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा

४. विविध

**निर्णय :**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा गजुरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा श्री हिरालाल के.सी. (क.स.नं. २३६०००), लेखा सहायक पाचौं मिति २०७६।०९।०७ गते स्थायी नियुक्ति भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।०८।१७ को पत्रानुसार त्रिपुरासुन्दरी नगरपालिका डोल्पामा कामकाजमा खटिएकोमा निज कर्मचारीलाई कामकाजमा खटिएकै स्थानीय तहमा पदस्थापन गर्न सहमति प्रदान गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा गजुरी गाउँपालिकाको प्रशासकीय भवन निर्माण (GRM/Works/NCB-20/2077/078) को सम्बन्धमा निर्माण व्यवसायीले लिफ्ट छिमेकी राष्ट्र भारतवाट अर्डर गरी ल्याउन समय लाग्ने लगायतको कारण उल्लेख गरी निर्माण अवधिको म्याद थप गरिदिनुहुन भनी पेश गरेको निवेदन र गाउँपालिकाको प्राविधिक शाखाबाट पेश भएको प्राविधिक प्रतिवेदनका आधारमा गाउँपालिकालाई निर्माण व्यवसायीसँग गरिएको शुरुको सम्झौता रकममा थप दायित्व सिर्जना नहुने गरी मिति २०८३ असोज मसान्तसम्म निर्माण अवधि थप गर्ने सर्वसहमतीले निर्णय गरियो ।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा गाउँपालिका अन्तर्गतको विद्यालय तथा शिक्षकहरुको व्यवस्थापनको तपशिल वमोजिमको कार्यविधि पारित गर्ने सर्वसहमतीले निर्णय गरियो।

**तपशिल:**

शिक्षक, कर्मचारी दरबन्दी (मिलान तथा व्यवस्थान) र विद्यालय समायोजन कार्यविधि, २०८१

२०८१/०९/२८